# हंसपुर नगरपालिका

## स्थानीय राजपत्र

खण्ड: २ संख्या: १५ पारित मिति:२०८१/०२/२०

भाग-१

हंसपुर नगरपालिका

## "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८१

आज्ञाले,

शिवेन्द्र कुमार मण्डल

प्रमुख प्रशासकीय अधिकृत

# हंसपुर नगरपालिका
## "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना:** स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी हंसपुर नगरपालिकाले यो कार्यविधि जारी गरेको छ।

### भाग-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(१)यो कार्यविधिको नाम हंसपुर नगरपालिका, "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८१ रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यविधि" भन्नाले नगरपालिकाले जारी गरेको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधिलाई सम्झनु पर्दछ।

(ख) "वडा अध्यक्ष" भन्नाले नगरपालिकाको वडाध्यक्ष सम्झनु पर्दछ।

(ग) "सदस्य" भन्नाले नगरपालिकाको वडा सदस्य सम्झनु पर्दछ।

(घ) "अध्यक्ष" भन्नाले नगरपालिकाको बैठकको अध्यक्षता गर्ने व्यक्तिलाई सम्झनु पर्दछ।

(च) "नगरपालिका" भन्नाले हंसपुर नगरपालिकालाई सम्झनु पर्दछ।

(छ) "कार्यपालिका" भन्नाले हंसपुर नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

(ज) "वडा समिति" भन्नाले हंसपुर नगरपालिकाको वडा समिति सम्झनु पर्दछ।

(झ) 'ईजाजतपत्र' भन्नाले हंसपुर नगरपालिकावाट दिइने घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्रलाई सम्झनु पर्छ।

प्रदिप कुमार यादव
नगर प्रमुख

# भाग-२

## इजाजतपत्र सम्बन्धी व्यवस्था

**३. इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :-**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन।

**४. नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :-**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची–१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस हंसपुर नगरपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची–५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनीयर/सव ईन्जिनीयर सहित सदस्य भएको देहायको ३ (तीन) सदस्यीय समितिवाट जाँचवुझ गराउनु पर्नेछ।

| | | | |
|---|---|---|---|
| (क) | योजना शाखा प्रमुख | - | संयोजक |
| (ख) | लेखा शाखा प्रमुख | - | सदस्य |
| (ग) | प्राविधिक शाखा प्रमुख | - | सदस्य सचिव |

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म /कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम हंसपुर नगरपालिकाको प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची–२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची–३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ।

**(५) इजाजतपत्रको अवधि र नवीकरण :-**

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्तसम्म मात्र मान्य रहनेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित हंसपुर नगरपालिकावाट अनुसूची–२ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ। इजाजत पत्र नविकरण गर्न हंसपुर

प्रदिप कुमार यादव
नगर प्रमुख

नगरपालिकामा कागजात पेश गर्दा अनुसूची–४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची–४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न नगरपालिका वाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची–२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

**(६) इजाजतपत्रको खारेजी :-**

(१) देहायको अवस्थामा हंसपुर नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :-

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा हंसपुर नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**(७) इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :-**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची–२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

**(८) प्रचलित कानून बमोजिम हुने :-**

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**(९) बचाउ:**

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

प्रदिप कुमार यादव
नगर प्रमुख

अनुसूची - १

कार्यविधि को दफा ४ को उपदफा (१) संग सम्बन्धित

इजाजतपत्रको लागि दिईने दरखास्त

दरखास्त वालाको फोटो

विषय : इजाजतपत्र पाउँ भन्ने बारे ।

श्री ......................म.न.पा./ न.पा./ गा.पा. को कार्यालय

यस ........................ कार्यालयको कार्यविधि ........ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१ दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,-

नाम -

ठेगाना -

पोष्ट बक्स -

टेलिफोन नं

फ्याक्स नं.-

ईमेल :-

२ फर्म वा कम्पनीको प्रकृति

☐ प्राईभेट लिमिटेड कम्पनी

☐ एकलौटी

☐ पब्लिक लिमिटेड कम्पनी

☐ साझेदारी

कोष्ठमा रेजा लगाउनु पर्नेछ।

३ दरखास्तको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-

नाम थर -

ठेगाना -

पोष्ट बक्स :-

टेलिफोन न

फ्याक्स नं :-

ईमेल :-

४ फर्म वा कम्पनीको विवरण :-

दर्ता नं :-

दर्ता मिति :-

अधिकृत पुंजी :-

जारी पुंजी :-

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

५. इजाजतपत्र लिन चाहेको वर्ग :- ( घ ) वर्ग

६. समूहीकरण हुन चाहेको समूह :-

७ आर्थिक स्रोतको विवरण :-

| | रकम | वित्तीय संस्था / बैंकको नाम |
|---|---|---|
| स्थायी मौज्दात | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण -

क. प्राविधिक -

ख. अप्राविधिक -

ग. अन्य -

प्राविधिक कर्मचारी को Certificate को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्ने छ ।

प्रदिप कुमार यादव

नगर प्रमुख

नगरपालिकाको कार्यालय

धनुषा

मधेश प्रदेश, नेपाल

२०७४

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-

| सि.न | नाम तथा विवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

१० यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.न | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था ( प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११ कबुलियत गरेको प्रमाण कागजात :-

क

ख

ग

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको,-

दस्तखत :-

मिति :-

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गन सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी सलग्न गर्नु पर्नेछ र कार्यालयले मार्ग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

प्रदिप कुमार यादव
नगर प्रमुख

अनुसूची - २

कार्यविधि को दफा ४ को उपदफा (४) र दफा ५ को उपदफा (३) सँग सम्बन्धित

| क्र.सं. | निर्माण व्यवसायी को वर्ग | इजाजतपत्र दस्तुर | इजाजतपत्र नवीकरण दस्तुर | इजाजतपत्र नवीकरण थप दस्तुर | इजाजतपत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु १००००/०० | रु ५०००/०० | रु १०००/०० | रु ५००/०० |

द्रष्टव्य : घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २० बमोजिम का दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र इजाजतपत्र नवीकरण नगराउदा इजाजतपत्र नवीकरण थप दस्तुरको सट्टामा उल्लिखित दस्तुर मात्र लिनुपर्नेछ ।

प्रदिप कुमार यादव
नगर प्रमुख

अनुसूची - ३

कार्यविधि को दफा ४ को उपदफा (४) र दफा ५ को उपदफा (३) सँग सम्बन्धित

# इजाजतपत्र

इजाजतपत्र नं

मिति :- ..................

.................. म.न.पा./न.पा./गाउँपालिका

.............. कार्यपालिकाको कार्यालय

..............................

... वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०........ को दफा ४ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ... स्थित कार्यालय भएको ........................ फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ ।

इजाजतपत्र दिनेको,-
दस्तखत :-
नाम :-
पद :-
मिति :-
कार्यालय :-

यस कार्यविधि बमोजिम कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने

नवीकरण :

| नवीकरण गर्ने पदाधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने पदाधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रदिप कुमार यादव
नगर प्रमुख

अनुसूची -४

निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण ( पासबुक)

| आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क) ठेक्का रकम<br>....................<br>ख) सम्झौता मिति :<br>....................<br>ग) ठेक्का अवधि<br>.................... | क) नाम :<br>....................<br>ख) पद :<br>....................<br>ग) हस्ताक्षर<br>....................<br>घ) छाप | क) थप समय:<br>क) नाम :<br>....................<br>ख) पद :<br>....................<br>ग) हस्ताक्षर<br>....................<br>घ) निर्णय मिति:<br>छाप<br>.................... | क) Variation पछिको ContractAmount<br>क) Variation को निर्णय गर्ने पदाधिकारी को नाम :<br>....................<br>ख) पद :<br>....................<br>ग) हस्ताक्षर<br>....................<br>घ) छाप<br>.................... | क) सम्पन्न रकम :<br>....................<br>ख) सम्पन्न मिति :<br>....................<br>ग) सम्पन्न %<br>....................<br>घ) नाम :<br>....................<br>पद :<br>....................<br>हस्ताक्षर<br>....................<br>छाप<br>.................... | क) अन्तिम ठेक्का रकम :<br>....................<br>ख) सम्पन्न मिति :<br>....................<br>घ) नाम :<br>....................<br>पद :<br>....................<br>हस्ताक्षर<br>....................<br>छाप<br>.................... | |

प्रदिप कुमार यादव
नगर प्रमुख

## अनुसुची–५

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. **आर्थिक क्षमता :-** प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. **मुख्य जनशक्ति विवरण :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

**३. मेशीन र उपकरण :-**

(क) ट्रिपर /टयाक्टर (एक/एक थान)

(ख) मिक्सर (एक थान)

(ग) Theodolite/Level Machine (एक सेट)

(घ) वाटर पम्प (दुई थान)

(ङ) भाइब्रेटर (दुई थान)

**द्रष्टव्य :-**

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्र वा घटीमा २(दुई) वर्ष सम्म लीजमा लिएको सम्झौता/मंजूरनामाको प्रतिलिपि साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

प्रदिप कुमार यादव
नगर प्रमुख